आज मिति २०८१ साल पौष २४ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी  निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री छविलाल न्यौपाने | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री रितेश तामाङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुर्जे तामाङ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री यादव ठकुरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तेज बहादुर पराजुली | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री सुर्य बहादुर तामाङ | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १. | श्री बालकृष्ण दाहाल | प्र. लेखा अधिकृत | |
| २. | सहदेश सापकोटा | प्रशासन शाखा | |
| ३. | नारायण पराजुली | क.अ. | |

मिति २०८१/०९/२४ को बलेफी गाउँकार्यपालिका बैठक | बैठक संख्या-११

**प्रस्तावहरु :**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. गाउँ सभाको हिउँदे अधिवेशन सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**निर्णयहरु**

१. अघिल्लो बैठकमा भएको निर्णयहरु सन्तोषजनक रुपमा कार्यन्वयन भईरहेको निर्णय गरियो ।

२. यस बलेफी गाउँपालिकाको कार्यालयमा कार्यरत तपसिलका कर्मचारीहरुको बागमती प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३० बमोजिम सम्बन्धित सेवा समूह र उपसमूहको पदमा तहबृद्धि गर्ने निर्णय गरियो ।

| क्र. सं. | कर्मचारीको नामथर | सेवा, समूह | पद | तहबृद्धि हुने पद | लागु हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सन्जय प्याकुरेल | ईन्जिनियरिङ, सिभिल, जनरल | अधिकृतस्तर आठौं | वरिष्ठ ईन्जिनियर | २०८१/१०/०१ | |

३. यस बलेफी गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन अगाडी खाली भुभाग श्री फलाटे कालिका सामुदायिक वन उपभोक्ता समूहको स्वामित्वमा रहेको र उक्त स्थानमा जिल्ला ट्राफिक प्रहरी कार्यालय सिन्धुपाल्चोकको भवन निर्माण गर्न श्री फलाटे कालिका उपभोक्ता समूहको मिति २०८१ पौष २३ गते बसेको बैठकबाट उक्त उपभोक्ता समूहको ४ नं ब्लंक को भूभाग प्रदान गर्ने सहमति भएकोले सो स्थानमा (कित्ता नं ५८९) भवन निर्माण गर्न जिल्ला र प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो ।

४. यस बलेफी गाउँपालिका गाउँ सभाको १६ औं अधिवेशनमा वजेट तथा कार्यक्रम संशोधनको लागि आन्तरिक श्रोतमा रु. ४०,००,०००/- र प्रदेश राजश्व बाँडफाँड (घरजग्गा रजिष्ट्रेशन/मालपोत) मा रु. २२, २८,०००/- स्रोत थप गरी कूल बजेटमा ६२, २८,०००/- थप गर्ने निर्णय गरियो ।

५. यस गाउँपालिकाको "उपाध्यक्ष फलफूल खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" पारित गर्ने निर्णय गरियो ।